फोन नं.०९१५८०१०१

भजनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भजनी, कैलाली,

सुदुरपश्चिम प्रदेश,नेपाल

**सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति :- २०७५।०७।१९)

यस भजनी नगरपालिका अन्तर्गत नेपाल भारतको सिमानामा रहेको भजनी नगरपालिका क्षेत्रभित्र बग्ने मोहना नदीमा माछा मार्ने ठेक्का बन्दोबस्त गर्न देहाय बमोजिमका शर्तहरुको अधिनमा रही माछा मार्ने ठेक्का शिलबन्दी दरभाउपत्र पेश गर्न सम्बन्धीत सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि. नं. | ठेक्का नं. | ठेक्काको नाम | ठेगाना | न्यूनतम कायम अंक रु. | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१।२०७५-०७६ | नेपाल भारतको सिमाना पर्ने भजनी न.पा.क्षेत्रभित्र बग्ने मोहना नदी | भजनी न.पा. वाड नं.७को हिम्मतपुर देखि वडा नं.३र ५को कनरा,पथरैया नदी संगम क्षेत्रमा रहेको मोहना नदीमा । | १,२५,०००।- (एक लाख पच्चीस हजार मात्र) | १,०००।- | |

***शर्तहरु :-***

१.दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिले ७ औं दिन कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखाबाट नगद तिरी(फिर्ता नहुने गरी) खरिद गरी ८ औं दिन दिनको १२:०० बजे सम्म भजनी नगरकार्यपालिकाको कार्यालयमा दर्ता गर्न सकिनेछ । उक्त दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे भजनी स्थित सरकारी कार्यालयका प्रतिनिधि र शिलबन्दी दरभाउपत्र दाताहरुको रोहवरमा नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

२.शिलबन्दी दरभाउपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ ।

३.व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र संघ, संस्थाको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व.२०७४/०७५ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी अनिवार्य रुपमा संलग्न राख्नु पर्नेछ ।

४.शिलबन्दी दरभाउपत्रको खाम बाहिर यस भजनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित ठेक्काको नाम लेखि दरभाउपत्र दाताको नाम र ठेगाना पनि उल्लेख गर्नुपर्ने छ ।

५.दरभाउपत्र दाताले कबोल गरेको दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६.मोहना नदीमा माछा मार्ने ठेक्का प्रक्रियामा भाग लिन चाहने दरभाउपत्रदाता नगरपालिकाले निर्धारण गरेको रकमको नेपाली नागरिक भए ५ प्रतिशत र विदेशी नागरिक भएमा १० प्रतिशत धरौटी रकम यस नगर कार्यपालिकाको कार्यालयको नाममा रा.बा. बैंक भजनी शाखामा रहेको धरौटी खाता नं.४१५०३०३००७१०२मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखि पेश गर्नुपर्नेछ ।

७. ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र कबोल रकम एकमुष्ट बुझाउनु पर्नेछ ।

८. मोहना नदीमा माछा मार्ने ठेक्काको अवधि २०७५ साल मंसिर देखी २०७६ साल जेष्ठ मसान्त सम्म हुनेछ ।

९. नगर कार्यपालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर, दस्तुर, पुरानो बक्यौता रकम बुझाएको हुनुपर्नेछ ।

१०. म्याद नाघी आएको, रित नपुगेको, शर्त राखिएको सिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

११. पेश भएको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२.यसमा उल्लेख नभएको विषयको हकमा स्थानीय सरकार संचालन ऐन,२०७४, सार्वजनिक खरिद ऐन,२०६३, सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित कानून बमोजिम हुनेछ ।

१३. दरभाउपत्रका सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयबाट कार्यालय समय भित्र बुझ्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत